# हिलिहाङ गाउँपालिका


हिलिहाङ गाउँपालिकाको राजपत्र

खण्डः ३)   पाँचथर, प्रदेश नं. १, नेपाल,   ३१ चैत्र २०७७ साल   (सङ्ख्याः १

भाग -२

हिलिहाङ गाउँपालिका


# हिलिहाङ गाउँपालिकाको संघ संस्था दर्ता नियमावली, २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/१२/२९

प्रमाणीकरण मितिः २०७७/१२/२९

**प्रस्तावनाः** स्थानीय सरकार संचालन (संशोधन सहित) ऐन, २०७४ को दफा १०२ को प्रयोजनको लागि हिलिहाङ गाउँपालिकाको संघ संस्था दर्ता ऐन, २०७७ को व्यवस्था कार्यान्वयन गर्न दफा १७ ले दिएको अधिकार प्रयोग गरी हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाले देहायका नियमहरु बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमको नाम " हिलिहाङ गाउँपालिकाको संघ संस्था दर्ता नियमावली , २०७७" रहेको छ।

(२) यो नियमावली राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा "ऐन" भन्नाले हिलिहाङ गाउँपालिकाको संघ संस्था दर्ता ऐन २०७७ सम्झनु पर्छ।

३. दर्ता निवेदनः ऐन बमोजिम संस्था दर्ता गर्न चाहने व्यक्तिहरुले रु २०००/- (अक्षरेपी दुईहजार रुपैयाँ) दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुसुची – १ मा तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

४. संस्था दर्ता र प्रमाण पत्रः नियम -३ बमोजिम निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा निजले अनुसुची – २ बमोजिम दर्ता किताबमा संस्था दर्ता गर्नु पर्नेछ र त्यसरी संस्था दर्ता गरिसकेपछी अनुसुची – ३ बमोजिमको ढाँचामा दर्ता प्रमाण पत्र प्रदान गरिनेछ।

५. दर्ताको अवधि, नविकरण र दस्तुरः (१) नियम ४ बमोजिम दिइएको दर्ताको प्रमाण पत्रको मान्य अवधि एक आर्थिक बर्ष सम्म मात्र रहनेछ।

(२) उपनियम (१) बमोजिम संस्थाको दर्ता बहाल रहने अवधि समाप्त भएको मितिले एक महिना भित्र सम्बन्धित व्यक्तिले रु १ हजार दस्तुर तिरी प्रमुख प्रशासकीय अधिकृतबाट दर्ताको प्रमाण पत्र नविकरण गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको म्याद भित्र दर्ताको प्रमाण पत्रको नविकरण गराउन नसकी म्याद नाघेको मिति पछि नविकरण गर्न आएमा प्रमुख प्रशासकीय अधिकृतले प्रतिमहिना थप रु १०० (अक्षरेपी एक सय रुपैंया) दस्तुर लिई नविकरण गर्न सक्नेछ।

अनुसुची-१
(नियम ३ संग सम्बन्धित)
**निवेदन पत्रको ढाँचा**

मितिः................/...../....

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
गाउँ कार्यपालिकाको कार्यालय, हिलिहाङ गाउँपालिका, पाँचथर।
महोदय,

हामीले ..................................................सम्बन्धि संस्था खोल्न चाहेकोले हिलिहाङ गाउँपालिकाको संघ संस्था दर्ता ऐन, २०७७ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं। प्रस्तावित संस्थाको विधानको एक प्रति पनि यसै साथ संलग्न गरिएको छ।

विवरण

१. संस्थाको नामः..................................................
२. संस्थाको उद्देश्यः ............................................
 क.......................................................................
 ख..................................................
 ग...................................................
३. संचालक समितिका सदस्यहरुको

| | नाम | ठेगाना | पेशा | सम्पर्क नं. |
|---|---|---|---|---|
| क | ................................. | .......................... | .......................... | ............ |
| ख | ................................. | .......................... | .......................... | ............ |
| ग | ................................. | .......................... | .......................... | ............ |
| घ | ................................. | .......................... | .......................... | ............ |
| ङ | ................................. | .......................... | .......................... | ............ |
| च | ................................. | .......................... | .......................... | ............ |
| छ | ................................. | .......................... | .......................... | ............ |

४. आर्थिक श्रोतः
५. कार्यालयको ठेगानाः ............................
६. कार्यालय रहने घरको स्वामित्वः क. आफ्नै    ख. भाडाको घर
७. भाडाको भए घर धनीको नामः    मासिक बहाल रकमः
८. वडा कार्यालयबाट सिफारिस भएको मितिः
९. निवेदकको नाम र हस्ताक्षरः

२

अनुसुची – २
(नियम ४ संग सम्बन्धित)

## दर्ता किताबको ढाँचा
## संस्था दर्ताको किताब

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाका पदाधिकारीको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसुची – ३

(नियम ४ संग सम्बन्धित)

प्रमाण पत्रको ढाँचा

**संस्था दर्ताको प्रमाण पत्र**

दर्ता मितिः

दर्ता नम्बरः

श्री अध्यक्ष ज्यू,

..........................................................(संस्थाको नाम)

............................................................(ठेगाना)

हिलिहाङ गाउँपालिकाको संघ संस्था दर्ता ऐन, २०७७ को दफा ४ बमोजिम ......................... साल ...................... महिना ................................... गते दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृतको सहीः
पुरा नामः
दर्जाः
पदः
कार्यालयः हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय
पाँचथर, प्रदेश नं. १, नेपाल

## नविकरण

| नविकरण गरेको मिति | बहाल रहने मिति | नवीकरण दस्तुर | प्रमुख प्रशासकीय अधिकृतको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

प्रमाणीकरण मितिः २०७७/१२/२९

आज्ञाले,
बिक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत